विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०२/१२ गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मतदाताहरूलाई धन्यवाद ज्ञापन सम्बन्धमा। | सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उत्साहपूर्वक मतदान गरी हामीलाई निर्वाचित गरी यस महानगरको जिम्मेवारी दिनुहुने महानगरपालिकाका सम्पूर्ण मतदाताहरूलाई धन्यवाद ज्ञापन गरियो। यसैगरी निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउनुहुने निर्वाचन कार्यालय, स्थानीय प्रशासन लगायत राष्ट्रसेवक कर्मचारीहरूलाई समेत धन्यवाद ज्ञापन गरियो। |
| २ | कार्यपालिका निर्णय कार्यान्वयन प्रगति (दोस्रो चौमासिक एवम् चैतसम्मको) सम्बन्धमा। | चालु आ.व.२०७८/०७९ को दोस्रो चौमासिक एवम् चैत महिनासम्ममा भएको कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन प्रगति पेश भई छलफल तथा समीक्षा गरियो। |
| ३ | चालु आ.व.२०७८/०७९ को दश महिनाको आय-व्यय सम्बन्धमा। | चालु आ.व.२०७८/०७९ को गत दश महिना (साउनदेखि बैशाखसम्मको) आय-व्यय पेश भई त्यसउपर छलफल तथा समीक्षा गरियो। आ.व.को बाँकि अवधिमा आन्तरिक आय सङ्कलनमा विशेष पहल गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | विविध। | (क) वडाका धेरै स्थानहरूमा सडक बत्तीको समस्या रहेकोले तत्काल आवश्यक विद्युत सामग्रीहरू खरिद गरी सडक बत्ती व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) आउँदो वर्षायामलाई मध्यनजर गर्दै नगर क्षेत्रमा हुनसक्ने सम्भावित डुबान जोखिम न्यूनीकरणका लागि नगर क्षेत्रका मुख्य तथा ठूला ढल तथा नालाहरूको कार्यालयले विशेष सफाई गर्ने र अन्य नालाहरूमा सरसफाई साझेदार संस्थामार्फत नाला सफाई गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ बाट ENSSURE परियोजना अन्तर्गत कार्यगत अभ्यास सहितको छोटो अवधिको तालिम कार्यक्रम सञ्चालनका लागि Project Steering Committee बाट स्वीकृत कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा विनियोजित रकम प्राप्त भएको हुँदा विराटनगर महानगरपालिकाको बजार आवश्यकता अनुसार बिल्डिङ इलेक्ट्रिसियन (Building Electrician) विषय उपयुक्त देखिएकोले उक्त मार्गदर्शन एवम् कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७४ (प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्) बमोजिम उक्त परियोजना अन्तर्गत बिल्डिङ इलेक्ट्रिसियन विषयको तालिम सञ्चालन गर्ने र उक्त तालिम सञ्चालनका लागि तालिम प्रदायक संस्था छनौट गर्न समय अभाव हुने भएको र महानगरपालिका अन्तर्गत रहेको महानगर बहुप्राविधिक शिक्षालयमा आवश्यक स्रोत साधन समेत रहेकोले उक्त शिक्षालयमार्फत तालिम सञ्चालन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) यस महानगरपालिकाका प्रमुख तथा उपप्रमुखको सचिवालय व्यवस्थापनका लागि प्रमुखलाई अधिकृत छैटौं स्तरका एक जना स्वकीय सचिव र सहायक पाँचौ तहको एक जना प्रेस संयोजक करारमा नियुक्ति गर्ने र उपप्रमुखको लागि सहायक पाँचौ तहको एक जना स्वकीय सचिव करारमा नियुक्ति गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

०७९।२।१२

| | | |
|---|---|---|
| | | (ङ) चालु आ.व.का सम्झौता हुन बाँकि अत्यावश्यक योजनाहरूको २०७९ जेठ २५ गतेसम्म सम्झौता गरी कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(च) यस विराटनगर महानगरपालिकाबाट कुनै व्यक्ति वा संघसंस्थआ उपर कुनै पनि अड्डा अदालतमा फिरादपत्र, रिट निवेदन, उजुरी दायर गर्नुपरेमा सो गर्न एवम् यस महानगरपालिक, नगर कार्यपालिका उपर कसैले दायर गरेको फिरादपत्र, रिट निवेदन, पुनरावेदन पत्र, उजुरीको विषयमा प्रतिउत्तर पत्र लिखित जवाफ समेत पेश गर्नुपरेमा सो समेत गर्न, मुद्दा मामिलामा कानुन व्यवसायी मुकरर गर्न तथा मुद्दा मामिलाको सिलसिलामा आवश्यक पर्ने जुनसुकै कानुनी कारबाही गर्न, मुद्दाको प्रतिरक्षा गर्न समेतका लागि यस विराटनगर महानगरपालिकाका उपप्रमुख श्री शिल्पा निराला कार्कीलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। |